# उज्यालो नेपाल पार्टी

सुशासन • सामाजिक न्याय • समृद्धि

## ज्ञानेन्द्र प्रकाश घले



### नुवाकोट क्षेत्र नं.–२

### प्रतिनिधि सभा सदस्य उम्मेदवार

प्रत्यक्ष तर्फ
चुनाव चिह्न

समावेशी तर्फ
चुनाव चिह्न



नुवाकोटले अब अनुभवी, इमानदार र परिणाम देखाउन सक्ने नेतृत्व चाहन्छ।
त्यही प्रतिबद्धताका साथ म तपाईंको बीचमा उभिएको छु।
तपाईंको अमूल्य मत दिई
अत्यधिक मतले विजयी गराउनु होला ।

वैदेशिक रोजगारीमा रहेका श्रमिक र परिवारलाई प्रत्येक नीति र कार्यक्रममा अनिवार्य समावेश।

gyanendraprakashghale.com.np
ghalegyanendra1968@gmail.com

# म को हुँ?

म नुवाकोटको माटोमा हुर्किएको मान्छे हुँ।
स्नातक तहसम्म नेपालमै पढेँ, थाइल्याण्डको महिदोल विश्वविद्यालयबाट स्नातकोत्तर गरेँ, नेपालमै काम गरेँ, अनि दुई दशकभन्दा बढी समय संयुक्त राष्ट्रसंघ अन्तर्गत विश्व स्वास्थ्य संगठन (WHO) जस्ता अन्तर-सरकारी संस्थामा सेवा गर्ने अवसर पाएँ।
त्यहाँ मैले नीति निर्माण, बजेट योजना, स्वास्थ्य प्रणाली सुदृढीकरण र नीतिको कार्यान्वयनको अनुगमनमा काम गरेँ।
तर मेरो पहिचान अन्तरास्ट्रिय नीति निर्माणको अनुभव मात्र होइन, नेपालमै गरेको काम हो।

# नेपालमै गरेका कामहरू

विदुर–११ मा स्वास्थ्य संरचना स्थापना र सहयोग। कोभिड–१९ अघि सोही जग्गा र भवन नगरपालिकालाई दान — आज त्यही संरचना सहरी क्लिनिकका रूपमा सञ्चालनमा छ।
रसुवाको दुर्गम गोल्जुङमा आमा तथा बाल स्वास्थ्य क्लिनिक स्थापना — जहाँ दुर्गम नेपालका महिला र बालबालिकाले प्रत्यक्ष सेवा पाए।
कालिकास्थान, रसुवामा सहयोग गरेर बनेको संरचना आज सामुदायिक अस्पतालको रुपमा संचालित छ।
त्रिशुली जिल्ला अस्पतालसहित विभिन्न स्थानमा अन्तर्राष्ट्रिय निःशुल्क स्वास्थ्य शिविर — हजारौँ बिरामीको उपचार र स्थानीय स्वास्थ्यकर्मीलाई सीप हस्तान्तरण।

# मेरा केहि अनुभवहरु

स्वास्थ्य प्रणाली कसरी बलियो बनाउने भन्ने प्रत्यक्ष अनुभव
संकटको बेला कसरी निर्णय लिने र परिणाम निकाल्ने भन्ने अभ्यास
विश्व स्वास्थ्य महासभाको कार्यसूचीको मस्यौदा तथा महत्वपूर्ण प्रस्ताव/विधेयकमा मुख्य भूमिका।
कोभिड १९ को बेला “Internal Boost” पहलमार्फत ३४ देशमा अत्यावश्यक स्वास्थ्य सेवा सुदृढीकरण

# किन सुरक्षित जागिर छाडेर राजनीति?

भदौको जेन–जी आन्दोलनमा युवाहरूले देखाएको बलिदान, त्याग र अपेक्षाले मलाई प्रेरित गर्यो। मसँग स्थिर र सम्मानित पेशागत जीवन भएतापनि अब आफ्नै देशका लागि आफ्नो अनुभवले युवाको सपना र प्रयासलाई टेवा पुर्याउने अठोटका साथ  राजनीतिमा प्रवेश गरें । नुवाकोट र देशलाई अब भाषण होइन, काम र परिणाम चाहिएको छ—सेवा लिन जाँदा नागरिकले धक्काधक्की गर्नु नपरोस्, घुस–सिफारिस बिना काम होस्, र मेहनत गर्ने युवाले यहीँ भविष्य देखोस् भन्ने जनअपेक्षालाई केन्द्रमा राखेर म देशलाई सुशासन, समृद्धि र सामाजिक न्यायतर्फ अघि बढाउन चाहन्छु ।

# मेरो दृष्टि



नुवाकोट–२ का जनताको आवाज
सशक्त रुपले संसदमा प्रतिनिधित्व —
नुवाकोट लगयात देशभरिका जनताको आवश्यकता
नीति, कानुन र बजेटमा |
म यस्तो नुवाकोट बनाउन  चाहन्छु जहाँ—

- शासन पारदर्शी र जवाफदेही होस्
- अवसर सबैका लागि समान होस्
- विकास कागजमा होइन, जनजीवनमा देखियोस्
- गुणस्तरीय स्वास्थ्य सेवा सबैको पहुँचमा पुगोस्

दीर्घरोग उपचारले परिवार आर्थिक रूपमा संकटमा नपरुन्

# मेरो कार्यसूची

- स्वास्थ्य, शिक्षा, सडक, विपद् जोखिम र रोजगारीका मुद्दा संसदको प्राथमिक एजेन्डा बनाउने
- बजेट कहाँ खर्च हुन्छ भन्नेमा कडा संसदीय निगरानी
- अलपत्र परियोजनाहरू सम्पन्न गराउन निरन्तर दबाब
- जनतासँग नियमित संवाद र सार्वजनिक प्रतिवेदन

# पर्यावरण र विपद् जोखिम न्यूनीकरण

- पहिरो, बाढी र सुक्दै गएका जलस्रोतका लागि संघीय बजेट र जलवायु कोष नुवाकोटमा ल्याउने पहल।
- साना किसानका लागि सिंचाइ, प्रविधि र जोखिम न्यूनीकरण कार्यक्रम प्राथमिकतामा।
- खोला, नाला र मुहान संरक्षण तथा दिगो फोहोर व्यवस्थापन।

# किन मलाई मतदान गर्ने?

किनकि म नुवाकोटको जिम्मेवार जवाफदेही प्रतिनिधित्व गर्छु
वैदेशिक रोजगारी  बाध्यता होइन, विकल्प बनाउन प्रतिबद्ध छु

- श्रमिक सुरक्षा मजबुत बनाउन कानुन सुधार।
- द्विपक्षीय श्रम सम्झौतामा बाध्यकारी सुरक्षा मापदण्ड।
- फर्किएका श्रमिकको सीपलाई राष्ट्रिय रोजगारी र उद्यमसँग जोड्ने नीति।

हरेक नीतिको केन्द्रमा प्रवासी श्रमिक र उनका आश्रित परिवार।

# सुशासन, सामाजिक न्याय र समृद्धि प्रति मेरो प्रतिबद्धता

## १) सुशासन

- भ्रष्टाचार, नातावाद र ढिलासुस्तीविरुद्ध स्पष्ट अडान
- संसदीय समितिमार्फत सरकारलाई जवाफदेही बनाउने
- संसदका निर्णयबारे नियमित जानकारी सार्वजनिक गर्ने

**गफ होइन**
**काम**
**भाषण होइन**
**परिणाम**

## २) सामाजिक न्याय

<u>स्वास्थ्य</u>

- गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा
- स्वास्थ्य बीमा सुधार
- वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको स्वास्थ्य सुरक्षा
- अपाङ्गता भएका व्यक्तिका लागि उपचार, पुनर्स्थापना र सहायक उपकरणमा स्पष्ट संघीय व्यवस्था।

<u>शिक्षा र सीप</u>

- सीपसहितको गुणस्तरीय शिक्षा
- गरिब र सीमान्तकृत समुदायका लागि छात्रवृत्ति
- सामुदायिक विद्यालय सुदृढीकरण

## ३) समृद्धि

- काठमाडौं–नुवाकोट र नुवाकोटका भित्रि सडक सुधार।
- सुरक्षित र भरपर्दो सार्वजनिक यातायात व्यवस्था।
- किसानलाई केन्द्रमा राखी उत्पादन लागत घटाउने, भण्डारण सुधार गर्ने र उचित मूल्य सुनिश्चित गर्ने नीति।
- स्थानीय उत्पादनलाई बजारसम्म सहज पहुँच
- तामाङ हेरिटेज ट्रेल, होमस्टे र सामुदायिक पर्यटन प्रवर्द्धन
- होमस्टे र स्थानीय उद्यम प्रवर्द्धन।
- नुवाकोटलाई नेपालको एकीकरणको ऐतिहासिक केन्द्रका रूपमा स्थापित गर्ने पहल।

TikTok

**“नुवाकोटका मुद्दा संसदमा हराउने छैनन्।**
**ती नीति, कानुन र बजेटमा रूपान्तरण हुनेछन्।”**

facebook